सकेसम्म स्वदेशमै रोजगारी गरौं, विदेश जाने नै भए शिप तालिम लिएर मात्र जाऔं ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षिक आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ८ अंक ६२ श्रेणी 'क' २०७२ मंसिर १४ गते सोमबार 30 Nov. 2015 पृष्ठ ४ मूल्य रू. ५/-

खुशीको खबर !!!
योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

## सरकार र मधेशी मोर्चाबीच वार्ता हुने

### प्याकेजमै सहमति खोज्न कांग्रेसको माग

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सत्तारुढ दल, प्रमुख प्रतिपक्षी नेपाली काँग्रेस र तराई मधेसमा आन्दोलनरत दलबीच सोमबार संयुक्त वार्ताका लागि आह्वान गरेका छन् । तराई मधेसमा विगत लामो समयदेखि देखापरेको असन्तुष्टिलाई सम्बोधन गर्नका लागि प्रधानमन्त्रीले सोमबार बिहान ११ बजे प्रधानमन्त्री निवास बालुवाटारमा संयुक्त वार्ताको आह्वान गरेका हन् । समस्या समाधानका लागि सबै पक्षलाई सकारात्मक ढङ्गले प्रस्तुत हुन र मुलुकले भोग्नुपरेको समसयालाई वार्ता र संवादका माध्यमबाटै हल गर्ने ध्येयका साथ प्रधानमन्त्री ओलीले संयुक्त छलफलको आयोजना गर्नुभएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार प्रमोद दाहालले जानकारी दिए ।

पछिल्ला दिनमा समस्या समाधानको विषयलाई लिएर प्रमुख दल र आन्दोलनरत दलबीच सार्थक वार्ता हुन नसकिरहेका बेला प्रधानमन्त्रीले भोलिका लागि आह्वान गरेको वार्तालाई सकारात्मक रूपमा हेरिएको छ । वार्तामा प्रधानमन्त्री ओलीले सरकारमा सहभागी प्रमुख दलका नेता, प्रमुख प्रतिपक्षी नेपाली काँग्रेस र तराई मधेसमा आन्दोलनरत दलका शीर्ष नेतालाई बोलाएका छन् । वार्तालाई सकारात्मक बनाउने उद्देश्यका साथ एकीकृत नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहालले पनि आवश्यक तयारी गरेका छन् । सोही तयारीअनुसार नै शनिबार उहाँले प्रधानमन्त्री ओली र काँग्रेस सभापति सुशील कोइरालासँग छलफल गरेका थिए । राजधानीमा आयोजित एक कार्यक्रममासमेत अध्यक्ष दाहालले वार्ता र संवादमार्फत नै समस्याको समाधान गर्ने प्रयासमा आफू लागेको बताएका थिए । वार्तामार्फत समस्याको समाधान गर्ने उद्देश्यका साथ अध्यक्ष दाहालले आन्दोलनरत पक्षसँग निरन्तर अनौपचारिक संवाद गरेका छन् । मधेसी मोर्चाले समानुपातिक समावेशी प्रतिनिधित्व, जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्रलगायतका ११ बुँदे माग अगाडि सारेको छ ।

यस्तै, सङ्घीय संरचनाको सीमाङ्कनमा पनि प्रष्ट धारणा आउनुपर्ने मोर्चाको माग छ । मोर्चाले उठाएका विषयमध्ये तत्काल पूरा गर्न सकिने मागलाई संविधान संशोधनका माध्यमबाट समाधान गर्ने र अन्य मागलाई उच्चस्तरीय राजनीतिक समिति तथा संसदीय समिति मार्फत अगाडि बढाउन सकिने प्रस्ताव एमाओवादी अध्यक्ष दाहालले राख्दै आएका छन् । काँग्रेसले भने आफू नेतृत्वको सरकारले सदनमा प्रस्तुत गरेको संविधान संशोधनको प्रस्तावलाई पारित गरिए समस्या समाधानमा मार्गप्रशस्त हुने धारणा राख्दै आएको छ । सबै पक्षसँगको छलफलको आधारमा समस्या समाधानमा प्रतिबद्ध भएर लाग्ने र लचकताका साथ प्रस्तुत हुनुपर्ने दबाब सत्तारुढ दल र आन्दोलनरत मोर्चालाई पर्दै आएको छ । लामो समयदेखिको तराई मधेसको बन्द र भारतको अघोषित नाकाबन्दीका कारण मुलुकको जनजीवन प्रभावित भएकामा सबै विषयलाई वार्ता र संवादका माध्यमबाट अगाडि बढाउनुपर्नेमा दलहरूको जोड रहेको छ ।

*सेको बैठकले सोमबार हुने सत्तारुढ दल, प्रमुख प्रतिपक्षी दल काँग्रेस र आन्दोलनरत दल सम्मिलित त्रिपक्षीय वार्तामा पार्टीले राख्ने कार्यसूचीबारे छलफल गरेको थियो । बैठकपछि काँग्रेस प्रवक्ता दिलेन्द्र बडूले भने-"मधेस आन्दोलनको प्याकेजमै समाधान खोजे ढिलो हुन्छ, त्यसैले तत्काललाई संसद्मा दर्ता भएको प्रस्ताव पारित गर्ने र सीमाङ्कनका विषमा राजनीतिक तहमा थप वार्ता र संवादमार्फत सहमति खोज्नुपर्छ ।" बैठकमा सभापति सुशील कोइरालाले शुक्रबार आन्दोलनरत तराई मधेस लोकतान्त्रिक पार्टीका अध्यक्ष महन्थ ठाकुर, शनिबार एकीकृत नेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहालसँग भएको छलफलबारे जानकारी गराएका थिए । बैठकले सोमबारको त्रिपक्षीय वार्तामा सभापति कोइराला, वरिष्ठ नेता शेरबहादुर देउवा र उपसभापति रामचन्द्र पौडेल सहभागी हुने निर्णय गरेको छ । काँग्रेसले शनिबार वीरगञ्जमा पार्टीको कार्यक्रममा मधेसवादी पार्टीले आक्रमण गरी पार्टीको झन्डा जलाउने कार्य गरेकामा त्यसको भर्त्सना गरेको छ । यसैबीच काँग्रेस सभापति सुशील कोइराला र नेपालका लागि भारतीय राजदूत रणजीत रायबीच भेटवार्ता भएको छ । राजदूत राय सभापति कोइरालालाई भेट्न उनको निवास महाराजगञ्ज पुगेका थिए । भेटमा कोइरालाले भारतद्वारा गरिएको अघोषित नाकाबन्दीका कारण नेपालीको जनजीवन कष्टकर बन्दै गएको भन्दै तत्काल नाकाबन्दी फिर्ता लिन आग्रह गरेको काँग्रेस प्रवक्ता बडूले जानकारी दिए ।सभापति कोइरालाले अहिलेको अवस्थाले दुई देशबीचको सदियौँदेखिको सम्बन्ध बिगार्ने र कसैको हितमा नहुने बताएका थिए । उनले मधेसमा जारी आन्दोलनको समाधानका लागि आफूहरू प्रयासरत रहेको राजदूतलाई जानकारी दिँदै छिट्टै सहमति हुने बताएका थिए ।*

## पोखराको कार्यकारी अधिकृतमा पुन: अधिकारी

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।



पोखरा उपमहानगरपालिकाको कार्यकारी अधिकृतमा पुन: झलकराम अधिकारी आउने भएका छन् । कास्कीको ढिकुरपोखरीका वासिन्दा अधिकारी केही वर्षदेखि भने पोखराको पर्स्याङस्थित आफ्नै घरमा बस्दै आएका थिए । स्थानीय विकास मन्त्रालयले अधिकारीलाई पोखरा ल्याउने निर्णय आइतबार गरेपछि सोमबार नै उनी पोखरा आउने भएका छन् । पोखरा उपमहानगरपालिकामा दुई बर्षे कार्यकाल सकेर गत बषको असोजमा धनुषाको स्थानीय विकास अधिकारीमा सरुवा भएका उनी पुन: पोखरा उपमहानगरपालिकामै कार्यकारी अधिकृतको रुपमा फर्किने भएका हुन् । वि.सं. २०६९ कार्तिक १६ गते पोखरा आएका उनी २०७१ असोजमा सरुवा भई धनुषा पुगेका थिए । राप्रपा नेपालले स्थानीय विकास मन्त्रालय सम्हालेपछि दोस्रो कार्याकालको लागि उनलाई पोखरा उपमहानगरपालिकामा सरुवा गर्ने निर्णय आईतवार भएको हो ।

अधिकारी पछि कार्यकारीको रुपमा महेश बराल आएपनि उनि लामो समय टिक्न सकेनन् । त्यसपछि आएका उदय बहादुर रानालाई बिस्थापित गर्दै अधिकारी पुन: पोखरा उपमहानगरपालिकाको प्रमुखको जिम्मेवारी सम्हाल्न आउदैछन् । अधिकारीको यसअघिको कार्यकालमा पोखरा उप-महानगरपालिका कार्यालयको आन्तरिक सुधारको साथै पोखराको विकासमा केही महत्वपूर्ण काम भएका थिए । उनले कार्यकारी अधिकृतको जिम्मेवारी सम्हालेको एक बर्ष भित्रमा उनले एशियाली विकास बैंकको कालो सूचीमा रहेको उपमहानगरपालिकालाई कालोसूची मुक्त गराएका थिए । उनकै कार्यकालमा पोखरा उप-महानगरपालिका मुलुककै उत्कृष्ट तेस्रो नगरपालिकाको रुपमा पुरस्कृत भएको थियो । प्रशासकीय सुधार अन्तर्गत उनले अनाबश्यक ५५ जनाको दरबन्दी कटौती गरेका थिए । त्यस्तै कार्यालय भित्र सिसिटिभी जडान र बिद्युतिय हाजिरीको ब्यबस्था सहित सबै शाखामा सफ्ट्वयेर प्रणालीको सुरुवात गरेका थिए । नगरपालिकाकै कर्मचारीको ७१ लाख पेश्की असुर उपर गरी शुन्यमा झर्न उनी सफल भए । अधिकारीले उपमहानगरपालिकाको राजश्व बृद्धिदरमा पनि उलेख्य सुधार गरेको बताउँदै आएका थिए ।

पोखराको फुटपाथ ब्यबस्थापनका साथै न्यूरोड र लेकसाईडमा सौर्य बत्ती जडान पनि उनकै कार्यकालमा सम्पन्न भएका थिए । पोखरामा भवन निर्माण संहिता उनकै पालामा लागू भयो । उनले पोखराको एक मात्र सभाहल पोखरा सभागृह ब्यबस्थापनको लागि सार्बजनिक निजी साझेदारी अन्तर्गत निजि क्षेत्रलाई जिम्मा लगाएका थिए । अधिकारीले १६ बर्ष अघि लम्जुङको ढोडेनी गाबिसको सचिवको रुपमा सरकारी सेवा सुरु गरेका थिए ।

## संवैधानिक परिषद्को बैठकमा प्रमुख प्रतिपक्षी अनुपस्थित

गोल्डेन न्यूज संवाददाता
काठमाडौं १३ मंसिर ।

निर्वाचन आयोगका रिक्त पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्न बसेको संवैधानिक परिषद्को बैठक प्रमुख प्रतिपक्षी दलका नेता उपस्थित नभएपछि बैठकमा कुनै निर्णय हुन सकेन । प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसका सभापति सुशील कोइराला अस्वस्थ्यताका कारण बैठकमा अनुपस्थित थिए । बैठकमा परिषद्ले रिक्त रहेका प्रमुख निर्वाचन आयुक्त र दुई आयुक्त पदका लागि परेका आवेदनमा छलफल मात्र भएको र कुनै निर्णय नभएको परिषद्का सदस्य एवम् प्रधानन्यायाधीश कल्याण श्रेष्ठले जानकारी दिए । परिषद्ले गत कात्तिक २० गते ती पदका लागि योग्यता पुगेका तथा आवेदन दिन चाहेका व्यक्तिको अभिलेख अद्यावधिक गर्ने निर्णय गरेको थियो । परिषद्ले त्यसका लागि सात दिनको म्याद दिएर सूचना प्रकाशन गर्ने निर्णय गरेको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा सिंहदरबारमा बसेको बैठकमा रिक्त पदका लागि आवेदन परेका नामका बारेमा छलफल भएको र अर्को बैठकबाट निर्णय हुने परिषद्का सदस्य एवम् सभामुख ओनसरी घर्तीले जानकारी दिए । प्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेती तथा आयुक्तद्वय रामभक्त पिबी ठाकुर र दोलखबहादुर गुरुङ उमेरका कारण सेवानिवृत्त भएपछि आयोगका ती पद रिक्त भएका हुन् । संवैधानिक निकायका प्रमुख र पदाधिकारीको नियुक्तिका लागि सिफारिस गर्ने परिषद्मा प्रधानमन्त्री अध्यक्ष रहने र प्रधानन्यायाधीश, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, व्यवस्थापिका-संसद्मा प्रमुख प्रतिपक्षी दलका नेता र उपसभामुख सदस्य रहने संवैधानिक प्रावधान छ ।

यता, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उपत्यकामा मौलाएको कालोबजारी रोक्न सम्बन्धित निकायलाई निर्देशन दिएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा आइतबार आयोजित कार्यक्रममा उपत्यकाका तिनै जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख र सम्बन्धित निकायका सरकारी प्रमुखहरुलाई अख्तियारले यस्तो निर्देशन दिएको हो । तीनै जिल्लाका सिडियो, प्रहरी प्रमुखहरु तथा सम्बन्धित निकायका सरकारी प्रमुखहरुको सहभागि रहेको सो कार्यक्रममा अख्तियार प्रवक्ता कृष्णहरि पुष्करले कालोबजारी नियन्त्रण गर्न नसक्ने हो भने कारबाही भोग्न तयार हुनुपर्ने बताए ।

## गोरखाको पुन:निर्माणमा घोषणापत्र जारी

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।

शुक्रबारदेखि पोखरामा भएको गोरखाको पुन:निर्माण कार्ययोजना तयारी गोष्ठी बाह्र बुँदे घोषणापत्र जारी गरी शनिबार सकिएको छ । सुरक्षित, गतिशील र समृद्ध गोरखा, हाम्रो प्रतिबद्धता भन्ने मूल नारा सहित गोरखा जिल्लाको पुन:स्थापना तथा पुन:निर्माणका लागि घोषणा पत्र जारी गरिएको हो । गोरखाको बारपाक गाविसलाई केन्द्रविन्दु बनाई गत बैशाख १२ गते गएको ७.८ रेक्टर स्केलको महाविनाशकारी भूकम्पका कारण जिल्लामा भएको भौतिक क्षतिलाई पुन:उत्थान गर्न २ दिनसम्म कार्यशाला गोष्ठी गरिएको जिल्ला दैवी प्रकोप उद्धार समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी उद्धवप्रसाद तिमल्सेनाले जानकारी दिए । गोरखाका भूकम्प प्रभावित क्षेत्रमा विपद् उत्थानशील समुदायको निर्माण गर्ने सोचलाई सार्थक बनाउन यो गोष्ठी गरेका हौं, उनी भन्छन्-यसले स्थानीय स्रोत तथा साधनहरूको अधिकतम परिचालन गर्दै, भू-उपयोग नीतिको समेत ख्याल गरी एकीकृत विकास अवधारणका माध्यमबाट सुरक्षित र सुन्दर गोरखा निर्माण गर्न मद्धत पुग्नेछ ।

कार्यशालाले पुन:स्थापना तथा पुनर्निर्माण मार्फत् विपद् उत्थानशील समुदायको विकास गर्नका लागि सहयोग गर्ने अपेक्षा गरिएको छ । शनिबार जारी गरिएको घोषणापत्रमा नेपाल सरकारबाट प्राप्त हुने रकम तत्काल माग गर्ने र दातृ निकायसमेतको समन्वयमा पुन:निर्माणको काम थाल्ने, भूकम्पको केन्द्रबिन्दु बारपाक गाविसमा भूकम्प अध्ययन केन्द्र तथा भूकम्पमा परेर मृत्यूवरण गरेका व्यक्तिहरूको सम्झनामा स्मृतिपार्क स्थापना गर्ने निर्णय गरिएको छ । स्मृति पार्क र अध्ययन केन्द्र बनाउनका लागि अध्ययनको काम समेत तत्काल थालनी हुने जिल्ला दैवी प्रकोप उद्धार समितिले जनाएको छ । यस्तै आगामी २ बर्षभित्र बारपाकसम्म पक्की सडक विस्तार गर्ने, विपद् पूर्व तयारी, राहत, उद्धार, पुन:स्थापना तथा पुन:निर्माणका लागि दक्षता अनुसारको रोस्टर तयार पारी परिचालन गर्ने र जिल्लालाई नमूना जिल्लाको रुपमा विकास गर्ने उल्लेख गरिएको छ । महाबिनासकारी भूकम्पका कारण जिल्लामा करिब ३० अर्ब ३२ करोड रुपैयाँको क्षति भएको अनुमान गरिएको छ । यसका लागि कार्यशालामा उपस्थित संघ-संस्थाहरूले आगामी ३ वर्षका लागि करिब १२ अर्ब बराबरको स्रोत संकलन भैसकेको प्रमुख जिल्ला अधिकारी तिमल्सेनाले बताए । अहिलेसम्म करिब १२ अर्ब रुपैयाँ हामीलाई सहयोगको प्रतिबद्धता आईसकेको छ, उनले भने-बाँकी रकम भने विकास साझेदार, दातृ

बाँकी अन्तिम पृष्ठमा......

## लायन्सको क्याविनेटमा मुलुकको पछिल्लो अवस्था बारे छलफल

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।



**लायन्स पोज** : लायन्स क्लव इन्टरनेशनल ३२५ बी १ नेपालको डिष्ट्रिक्ट क्याविनेट मिटिङका अवसरमा सामुहिक तस्वीर खिचाउँदै डिष्ट्रिक्टका पदाधिकारीहरु । तस्वीर : गोल्डेन न्यूज दैनिक

लायन्स क्लव इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ बी १ नेपालको दोस्रो क्याविनेट मिटिङ काठमाडौंमा सम्पन्न भयो । देशको विषम् परिस्थितिका बाबजूद पनि मिटिङमा क्याबिनेटका पदाधिकारी, पूर्व गभर्नरहरु, पूर्व काउन्सिल चियरपर्सनहरु तथा लियोमा आवद्ध प्रतिनिधिका साथै काठमाडौंका ३ क्लव सेन्ट्रल टाउन, गोल्डेन टाउन तथा स्वयम्भू टाउनमा आवद्ध प्रतिनिधि गरि १ हजार ६ सय १२ लायन प्रतिनिधिको सहभागिता रहेको थियो । क्याविनेट मिटिङ देशको विषम परिस्थितिका साथै डिष्ट्रिक्टले ४ महिनामा गरेको गतिविधिमाथि समीक्षा र भावी रणनीतिमा बारे छलफल भएको थियो । कार्यक्रममा बोल्ने सबै वक्ताहरुले देशको विषम् परिस्थितिमा पनि लायनहरुले महत्वपूर्ण जिम्मेवारी निर्वाह गरेको बताएका थिए । कार्यक्रमको उद्घाटन गर्दै नेपाल टेलिभिजनका अध्यक्ष महेश दाहालले भूकम्पले तहसनहस भएको र नाकाबन्दीले आक्रान्त बनेको मुलुकमा लायन्सले आफ्नो गहन जिम्मेवारी निर्वाह गरेको भन्दै प्रशंसा गरे । देशको विकास र संवृद्धिमा लायन्सले अघि सारेका गतिविधि अतिनै प्रशंसनीय रहेको भन्दै उनले लायन्स मन जत्तिकै सबैको मन हुने हो भने संवृद्ध मुलुकको सपना साकार हुने अवस्था टाढा नरहेको स्पष्ट पारे ।

दुई दिनमा सम्पन्न मिटिङमा डिष्ट्रिक्ट गभर्नर ध्रुव थापाले इन्धन अभाव तथा विभिन्न असहज परिस्थितिका वाबजुद पनि डिष्ट्रिक्टलाई साथ दिएर बैठकमा उपस्थित भएकोमा खुशी व्यक्त गर्दै सबैमा धन्यवाद ज्ञापन गरेका थिए । उनले देशको विकराल अवस्थामा पनि लायन्स क्लवहरु आफ्नो जिम्मेवारीबाट पछि नहटेको र आगामी दिनमा जतिसुकै संकट आएपनि डटेर सामना गर्दै अघि बढ्ने विश्वास व्यक्त गरे । उद्घाटन कार्यक्रममा प्रथम भाइस गभर्नर बालकृष्ण बुर्लाकोटी, द्वितीय भाइस गभर्नर धनराज आचार्यले देशको परिस्थितिका बाबजूद डिष्ट्रिक्टले महत्वपूर्ण काम गरेको बताएका थिए । त्यस अवसरमा सेक्रेटरी विश्वेश्वर आचार्य, कोषाध्यक्ष प्रजापति बाँस्तोलाले ४ महिनामा सम्पन्न गरेका कार्यक्रम र भावी रणनीतिबारे प्रतिवेदन प्रस्तुत गरेका थिए । त्यस अवसरमा उत्कृष्ट कार्य गर्ने ६० जनालाई विभिन्न अर्वाड प्रदान गर्नुका साथै रिजन र जोनका चियरपर्सनहरुले आ-आफ्ना प्रतिवेदन प्रस्तुत एवं भावी रणनीतिका बारेमा जानकारी गराएका थिए ।

कार्यक्रमको समापनका अवसरमा प्रमुख अतिथि मल्टिपल काउन्सिल चियर पर्सन रमेश कुमार अग्रवालले लायन्सले अघि सारेका कार्यक्रम बारे प्रकाश पारेका थिए । उनले भूकम्प पीडित नेपालीका लागि १ हजार घर बनाउने योजना सरकारले प्राधिकरण निर्माणमा गरेको ढिलाइ गरेका कारण ढिलो भएको र अब छिट्टै उक्त योजनालाई अघि बढाइने जानकारी दिए । उनले अबको ४/५ महिनामै उक्त कार्य सम्पन्न हुने समेत स्पष्ट पारे ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष एवं नेपाल राष्ट्र बैंकका निवर्तमान गभर्नर डा. युवराज खतिवडाले मुलुकको यस्तो विषम परिस्थितिमा लायन्सले महत्वपूर्ण साथ दिएको भन्दै लायन्सको यो गुनलाई राज्यले भुल्न नहुनेमा जोड दिए । मुलुकलाई ठूलो संकट एवं समस्या पर्दा सबैभन्दा पहिले लायन्सले आफ्नो क्रियाकलाप संचालन गरेको स्पष्ट पार्दै खतिवडाले लायन्सले संचालन गरेको मानवीय सेवा एवं सामाजिक गतिविधि बारे खुलेर प्रशंसा गरे ।

कार्यक्रममा लायन्स क्लव अफ डिष्ट्रिक्ट ए १ का भगर्नर सुनिल भक्त श्रेष्ठ, ए २ का गभर्नर रुद्रहरि ज्ञवाली, पूर्व मल्टिपल चियर पर्सन राजन लम्साल, डिष्ट्रिक्ट ३२५ बी १ का पूर्व गभर्नरद्वय योगेन्द्र प्रधान, युक्त प्रसाद श्रेष्ठका साथै डिष्ट्रिक्टका वर्तमान प्रथम भाइस गभर्नर बालकृष्ण बुर्लाकोटी र द्वितीय भाइस गभर्नर धनराज आचार्य लगायतले लायन्स गतिविधिमाथि प्रकाश पारेका थिए । डिष्ट्रिक्ट ३२५ बी १ को प्रथम क्याविनेट मिटिङ गत भदौमा पोखरामा सम्पन्न भएको थियो । उक्त मिटिङमा भूकम्पले ग्रसित मुलुकको अवस्था बारे गहन छलफल एवं योजना तयार भएको थियो भने हालै काठमाडौंमा सम्पन्न दोस्रो मिटिङमा नाकबन्दी, तराई आन्दोलनबाट मुलुकले भोग्नुपरेको पीडामाथि गम्भीर बहस भएको बताइन्छ । क्याविनेट मिटिङले भूकम्प र नाकावन्दीलाई मध्यनजर गर्दै त्यसै अनुरुप भावी रणनीति तय गरिएको डिष्ट्रिक्ट सेक्रेटरी विश्वेश्वर आचार्यले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । काठमाडौंका ३ क्लव सेन्ट्रल टाउन, गोल्डेन टाउन तथा स्वयम्भू टाउनले मिटिङको होस्ट परेको आचार्यले बताए ।

## पोखरा जेसीजमा देवकोटा

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।



युवाको नेतृत्व तथा क्षमता विकासमा क्रियाशील चार दशक पुरानो संस्था पोखरा जेसीजको सन् २०१६ को अध्यक्षमा गोविन्द देवकोटा चयन भएका छन् । विभिन्न क्षेत्रका १८ देखि ४० वर्ष उमेर समूहका एक सय बढि युवा सदस्य रहेको पोखरा जेसीजको शनिबार अबेर सम्पन्न ३६ औं अधिवेशन तथा ४१ औं वार्षिक साधारणसभाले गोविन्द देवकोटाको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो । यस्तै, कार्यकारिणी उपाध्यक्षमा शिव सुबेदी सर्वसम्मत चुनिए भने उपाध्यक्षमा यज्ञपुरुष रिजाल, अनन्त प्रधानाङ्ग, महेन्द्र सापकोटा र विनोद भुजेल निर्विरोध चयन भएका छन् । चार निर्देशकहरुमा शशि बरुवाल, प्रकाश घिमिरे, दिपेन्द्र बस्ताकोटी र अशोक पौडेल सर्वसम्मत चुनिए । अध्यक्ष देवकोटाले मनोनित पदहरुमा अध्यक्षीय सल्लाहकार किरण केसी, बोर्ड सल्लाहकार दीपेन्द्र पहारी, कानुनी सल्लाहकार शिवप्रसाद कोईराला, महासचिवमा सन्तोष शाही, सचिवमा मीनराज खड्का, कोषाध्यक्षमा शिवप्रसाद सापकोटा, प्रकरण निर्देशकमा शालिकराम गिरी तथा वृद्धि सभापतिमा शिवराज घिमिरेलाई नियुक्त गरेका छन् । नवनिर्वाचित अध्यक्ष देवकोटाले आफ्नो एक वर्षे कार्यकालमा पोखराको गौरव मिस पोखरा ईभेण्ट जारी रहेकाले यसको गरिमालाई उँचो बनाउने गरी काम गर्ने, रानीपौवा स्थित पोखरा जेसीजको भवन स्तरोन्नति गर्ने योजना रहेको बताए । उनले सबै साथीहरुले सर्वसहमत अध्यक्षमा चयन गरेकाले सबैलाई समेटेर अघि बढ्ने पनि उल्लेख गरे ।

यसअघि, साधारणसभाको उद्घाटन गर्दै पृथ्वीनारायण क्याम्पस पोखराका प्रमुख प्रा. डा. देवेन्द्र लामिछानेले मुलुक अहिले विषम परिस्थितिमा रहेकाले यो समयमा युवाको भूमिका महत्वपूर्ण रहने बताए । उनले नेपाल कुनै कुरामा गरीब नभएको तर्क गर्दै सोचाई गरीब भएको उल्लेख गरे । युवा शक्तिका बारेमा चर्चा गर्दै

बाँकी अन्तिम पृष्ठमा......

■ अरुको भनाइ अनुसार सधैं नचल । आफ्नो निर्णयलाई गुरु मान । अरुको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन । - **सेक्सपियर**

## सम्पादकीय . .

# नेताहरुको राष्ट्रियता अडान

अभाव नै अभावले ग्रस्त मुलुकसँग विकल्प खोज्ने अधिकार हुन्छ र नेपालले त्यो गरिरहेको छ । यो नेपालको लागि बाध्यकारी अवस्था बनेको छ । महाभूकम्पको विनाशबाट मुलुक बाहिर निस्कन प्रयास गरिरहेका बेला अहिले मुलुकमा राजनीतिक, आन्तरिक तथा बाह्य कारणले अत्यावश्यक वस्तुको अभाव उत्पन्न भएको छ । सामान्य परिस्थितिमा आपूर्ति गर्ने मुलुक दक्षिण भारत-नेपाल सीमाको रक्सौल नाका ठप्प भएपछि जनजीवन अझ कष्टकर बन्न पुगेको हो । यतिवेला उत्तर छिमेकी मित्रराष्ट्र चीनले वर्तमान परिस्थितिमा नेपाललाई आवश्यक वस्तु, खासगरी इन्धन आपूर्ति गर्ने सम्भावना बढेको छ । इन्धनको अभावमा सामान्य आर्थिक र उत्पादनसँग जोडिएका गतिविधि पनि ठप्प हुने हुनाले भूकम्प प्रभावित नेपाल ठप्प हुन नदिन चीनले देखाएको मित्रवत र मानवीय चासोलाई नेपालीले सकारात्मक रूपमा लिएका छन । तर चीनको यो चासो र सहयोगलाई नेपालले उत्ताउलो तरिकाले व्याख्या भने गर्नु हुदैन । नेपालको पीडामा चीनको सहयोग मानवीय र स्वभाविक हो । यो भारतसँग चीनको प्रतिद्वन्द्विता या प्रतिस्पर्धा होईन र कसैलाई यसलाई त्यो रुपमा बुझ्नु पनि हुँदैन । चीन र भारत तथा विश्वका अनेक महत्वपूर्ण मुलुकका लागि नेपालको भूराजनीतिक अर्थ छ । विगतमा भारत र चीन दुवैले नेपालको स्थायित्व र विकास चाहन्थे । तर नेपाली जनताका प्रतिनिधिले नयाँ संविधान निर्माण गरेपछि त्यो कुरा भारतलाई स्वीकार्य भएन र नाकावन्दी गरयो । कारण थियो नेपालको संविधान भारतको स्वार्थ अनुकुलको भएन भन्ने । तर चीनले भने विगतदेखिको सदभावलाई कायमै राख्यो र सोही अनुसारको ब्यवहार गरिरहेको छ । यसलाई चीन र भारतको प्रतिस्पर्धाको भावनासंग जोड्नु हुँदैन । यद्यपि यी दुई देशका बीचमा पनि रणनीतिक प्रतिस्पर्धा कायम नै छ । आफ्नै ब्यवहारका कारण अहिले भारतबाट मात्र इन्धन झिकाउने स्थापित व्यापार चक्रमा व्यवधान उत्पन्न भएको भने पक्कै हो । वास्तवमा बहुदलिय प्रजातन्त्र स्थापनापछि जायज या नाजायज कुनै पनि कारणले आपूर्ति बन्द हुँदा नेपालका समस्त आर्थिक कारोबार र उत्पादनसँग जोडिएका गतिविधि ठप्प हुने अवस्थाको कल्पना गरिएको थिएन । संकट उत्पन्न भएपछि विकल्प खोज्नुभन्दा पहिल्यै सावधानी अपनाउनु आपूर्तिकर्ता मुलुकका लागि सहज परिस्थिति उत्पन्न गर्न सकिएन, त्यो नै अहिले मुलुकका लागि गल्ति भएको छ । इन्धन अत्यावश्यक र अधिक उपभोग हुने बस्तु भएकाले त्यसको माग आउँदा दिनमा बढी नै रहनेछ । त्यसैले आवश्यक पर्दा कठिन र दुर्गम बाटोमा भर पर्नु श्रेयस्कर नहुने अनुभव अहिले हासिल भएको छ । चीनले इन्धन आपूर्तिबारे आवश्यक भौतिक पूर्वाधार निर्माणका सिलसिला बढाउन नेपाललाई सुझाव दिएको छ । नेपालले यसको गम्भीरता बुझेर प्राविधिक पक्षलाई समेत ध्यान दिनुपर्दछ । चीनसंग ब्यापारमा वृद्धि हुनु नेपालको फाइदाजनक नै हुन्छ भन्ने कुरा सबैले बुझ्नु जरुरी छ । संविधान निर्माणकाक्रममा राजनीतिक दलका नेताहरु राष्ट्रियताको विषयमा जून अडान राखे त्यो अडान सदैव कायम गरिनुपर्दछ । नेपाली जनता जतिसुकै कष्ट सहन तयार छन् तर राष्ट्रियता गिरेको हेर्न सक्दैनन् । यसतर्फ सरकार तथा नेताहरु गम्भीर बन्न जरुरी छ । समय अझैपनि बाँकी छ । जनताको सपना र आशामा तुषारापात लाग्ने काम नहोस् ।

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल मंसिर १४ गते सोमबार, तदनुसार नवेम्वर ३० सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार मार्गशीर्षकृष्णापक्ष चलिरहेको छ । सौरमान अनुसार आज मार्गशीर्षकृष्णापक्षको पञ्चमी तिथि ५० घटि २३ पला अर्थात रातिमा २ बजेर ४३ मिनेटसम्म त्यसउप्रान्त षष्ठी तिथि लाग्नेछ । आज सूर्य वृश्चिम राशिमा, चन्द्रमा मिथुन राशिमा अहोरात्र रहनेछ । आज दिनमान २६ घटि २२ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ३४ मिनेटमा मैत्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ०७ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष** : शैक्षिक तथा सामाजिक प्रगति हुने, प्रेमप्रसँग सुमधुर रहन सक्नेछन्, आदर सत्कार पाइनेछ, दिन शुभ छ ।
**वृष** : पारिवारिक किचलो थपिनाले मानसिक चिन्ता बढ्दै जानेछ, नकारात्मक सोचाईले गर्दा आफैलाई घाटा हुने ।
**मिथुन** : एक्कासि धन तथा जमिन लाभ पाइने, नयाँ कार्यमा लगानी हुन सक्नेछ, दिन सबै प्रकारले शुभ रहनेछ ।
**कर्कट** : आम्दानीमा गिरावट आउनेछ, समय विवादित रहनेछन, चुनौतिमाथि चुनौति थपिनेछ चनाखो हुनुहोला ।
**सिंह** : नयाँ मित्रसँग भेट, आर्थिक क्षेत्रबाट लाभ पाइने, अधुरो कार्य पुरा हुने सम्भावना दिन महत्वपूर्ण रहनेछ ।
**कन्या** : पुरानो कार्यबाट आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरु बढ्नेछन्, धर्मकर्ममा मन जानेछ समय शुभ छ ।
**तुला** : आफ्नै पेशाबाट नोक्सान व्यहोर्नुपर्ने, यात्रा गर्दा कठिनाई, पढाईमा मन नजाने, समय खराब छ सतर्क रहनुहोला ।
**वृश्चिक** : पारिवारिक विरोध खेप्नुपर्ने, आफ्नै पेशाबाट घाटा हुन सक्ने, सामाजिक कचिलोले गर्दा दिनभर चिन्ता पर्नेछ ।
**धनु** : मित्रहरुबाट सहयोग पाइनेछ, कला क्षेत्रमा अभिरुचिबढ्ने, एकमुष्ठ रकम संकलन हुने, स्वादिष्ट ब्यञ्जन प्राप्त हुने ।
**मकर** : स्वास्थ्यमा क्रमिक सुधार आउनेछ, सापटी दिएको धन प्राप्त हुनेछ, दिन शुभ छ उपयोग गर्नुहोला ।
**कुम्भ** : स्वास्थ्य भरपर्दो हुनेछैन, खानेकुरामा सतर्क रहनुहोला, जोसँग पनि विवाद पर्न सक्नेछ, चनाखो हुनुहोला ।
**मीन** : दैनिक कार्य अधुरा हुन सक्नेछ, विरोधीहरु सक्रिय हुँदै जान सक्नेछन, स्वास्थ्य हानी समय तथा दिन खराब छ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# 'भिडियो विज्ञापन'मा सिपोरा र विशाल

**पोखरा १३ मंसिर ।**

राष्ट्रिय भलिबल खेलाडी सिपोरा गुरुङ र फेशन स्टाईलिश तथा कोरियोग्राफर विशाल गुरुङको जोडी कस्तो देखिएला ? यो जोडीको रसायन मिल्ला कि नमिल्ला ? यो चासोको विषय हुन सक्छ । तर गायक तथा निर्देशक सोभित बस्यालले भने यी दुईजनाको जोडी जमाईदिएका छन् । युवापुस्तामाझ चर्चित एफएम विग एफएमले प्रचार-प्रसारमा प्रयोग गर्ने गरि निर्माण गरेको 'भिडियो विज्ञापन'मा सिपोरा र विशालले जोडी जमाएका हुन् । 'दुई जनाको केमेस्ट्रि निकै राम्रोसँग मिलेको छ ।' भिडियो विज्ञापनका निर्देशक सोभित बस्यालले भने-'यो जोडीलाई दर्शकले रुचाउनेमा म ढुक्क छु ।' भिडियो विज्ञापन निकै उत्कृष्ट बनेको समेत उनले प्रतिक्रिया दिए । पोखरामा रहेर पनि राष्ट्रिय सेलिब्रिटिको उचाई पाएकी सिपोरा र स्टाईलिश विशाल गुरुङलाई विग एफएमको क्याच गरेर भिडियो बनाउनु निकै खुशिको कुरा भएको बस्यालले बताए । 'यो दुवै पक्षको लागि राम्रो कुरा हो ।' उनले भने-'काम गराईको हिसाबले पनि मैले दुवै जनालाई निकै व्यवसायिक पाएँ, खुशि लाग्यो ।' भिडियो विज्ञापनलाई मिलन शंकरले खिचेका हुन् । यो भिडियोको कोरियोग्राफि रोहन नेपालीले गरेका हुन् । भिडियो विज्ञापनलाई जय गिरीले सम्पादन गरिरहेका छन् । भिडियो एक हप्ता भित्र तयार हुने निर्माण यूनिटले जनाएको छ । विग एफएमले यो विज्ञापनलाई राष्ट्रिय तथा स्थानियस्तरका टेलिभिजन मार्फत प्रशारण गर्ने जनाएको छ । युवापुस्ताको क्रेज एफएमप्रति अझै बढि तान्नको लागि भिडियो विज्ञापन बनाएको विग एफएमले जनाएको छ । एफएमले यसअगाडि पनि एउटा भिडियो विज्ञापन बनाईसकेको छ । हाल त्यो विज्ञापन फिल्म हलहरुमा बज्दै आएको छ ।

# सृजनामा भलिवल

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ मंसिर ।**

पोखराको सृजनाचोक फिर्केमा अवस्थित सृजना आवासीय उच्च मा.वि.मा अन्तर सदनात्मक भलिबल प्रतियोगिता सम्पन्न भएको छ । विद्यालयको नेपाल जुनियर रेडक्रस सर्कलको आयोजना र अतिरिक्त क्रियाकलाप बिभागको व्यवस्थापनमा भएको मा.वि स्तरिय अन्तर सदनात्मक भलिबल प्रतियोगितामा छात्र तर्फको फाइनल खेलमा रातो सदन विजय भएको छ । रातोले खेलमा सोझो २ सेटमा पहेंलो सदनलाई पराजित गरेको हो । त्यसैगरी छात्रा तर्फको प्रतियोगितामा पहेलो सदनलाई पराजित गर्दै हरियो सदन प्रथम भएको छ । सो खेल बेष्ट अफ थ्रीमा खेलाइएको रेफ्री मोहन गुरुङले बताए ।

# बाटो निर्माण समितिमा महिलामात्र

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ मंसिर ।**

राष्ट्रको केन्द्रिय तहको राष्ट्रपति र सभामुखमा महिलाले प्रतिनिधित्व गरे जस्तै कास्कीको लेखनाथ नगर पालिका वडा नं ४ को बाटो निर्माण उपभोक्ता समितिमा सवै महिलाहरुको मात्र प्रतिनिधित्व गराई उदाहरणीय कार्य गरेका छन्। महिलाहरुलाई पनि विकास निमाणका काममा अग्रसर गराउनु पर्छ भन्ने मान्यताले सानी खम्की रिठाघाट मुख संरक्षण तथा साहु चौतारादेखि नयाँ चौतारा बाटो निर्माण उपभोक्ता समितिमा महिलालाई मात्र राखि उपभोक्ता समिति गठन गरिएको हो। समितिमा महिलाहरु रहेपनि स्थानीय तहमा सवैले सहयोग गर्ने प्रतिवद्धताका साथ गठन गरिएको समितिको अध्यक्षमा विष्णुमायाँ बस्ताकोटी, सचिवमा नारायणी अधिकारी र कोषाध्यक्षमा दुर्गा बस्ताकोटी रहेका छन् भने समितिको सदस्यमा लक्ष्मी विक, कृष्ण आचार्य, रमा बराल र सुमित्रा वस्ताकोटी रहेकी छन्।

गाउको विकासका लागि सामुहिक र साझा भावनाले अगाडि वढै भन्ने उद्देश्यका साथ भएको आम उपभोक्ताहरुको भेलाले हेमराज बरालको संयोजकत्वमा अनुगमन समितिको समेत गठन गरेको छ जसको सदस्यमा सूर्यराज बस्ताकोटी, मनोहरि बराल, लक्ष्मी तिमिल्सेना र सुजन भण्डारीलाई चयन गरेको छ। स्थानीय समाजसेबी हरिप्रसाद अधिकारीको अध्यक्षतामा भएको सो कार्यक्रममा लेखनाथ नगरपालिका बडा नं ४की सामाजिक परिचालिका सावित्री तिवारीले सहजिकरण गरेकी थिईन।


## हार्दिक समवेदना



जन्मः वि.स.:१९८६/०८/०५
स्वर्गारोहण वि.स.:२०७२/०८/०२

**स्व. लक्ष्मी पद्मा कोइराला**

गैह्रापाटन टोल विकास संस्थाका सदस्यहरु श्री जगन्नाथ कोइराला, श्री वसन्त प्रसाद कोइराला, श्री ध्रुवराज कोइराला एवं श्री नारायण कोइरालाकी ममतामयी माता **लक्ष्मी पद्मा कोइराला**को असामयिक निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

अभियान कोइराला, सचिव
वसन्त केशव बाँस्तोला, अध्यक्ष

**गैह्रापाटन टोल विकास संस्था परिवार, पोखरा-४**

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

**योर्स ट्रेड कन्सर्न**

*सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !*

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१

अमरसिंहचोक, पोखरा, कास्की

डिलरः एशियन पेन्ट

**नेपालमा सर्वाधिक रूचाईएको पेन्ट**

## खुशीको खबर !



के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

जीवन के.सी.



मो. ९८५६०-३८०६६
९८०६६-४०८८५

**पञ्चमुखी लक्ष्मी सप्लायर्स**

हबेलीमार्ग, काजीपोखरी
पोखरा-१८

विवाह, ब्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

**ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस**

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

**सस्तोमा जहाज टिकट**

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

**World Int'l Travels & Tours Pvt. Ltd.**
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

## हार्दिक समवेदना



जन्मः वि.स.:१९८६/०८/०५
स्वर्गारोहण वि.स.:२०७२/०८/०२

**स्व. लक्ष्मी पद्मा कोइराला**

हाम्रा आत्मीय मित्र, पोखरा उद्योग वाणिज्य संघका पूर्व महासचिव तथा वर्तमान कार्यसमितिका सदस्य श्री नारायण कोइरालाका साथै जगन्नाथ, वसन्त र ध्रुव कोइरालाकी ममतामयी माता **लक्ष्मी पद्मा कोइराला**को असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं । उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

बि.बि. थापा/ ईन्दिरा थापा
संचालक तथा
**नेशनल पेन्टस् एण्ड हार्डवयेर परिवार**
सिद्धार्थचोक, पोखरा-४

## हार्दिक समवेदना



जन्मः वि.स.:१९८६/०८/०५
स्वर्गारोहण वि.स.:२०७२/०८/०२

**स्व. लक्ष्मी पद्मा कोइराला**

हाम्रा आत्मीय मित्र/दाजुहरु श्री जगन्नाथ कोइराला, श्री वसन्त प्रसाद कोइराला, श्री ध्रुवराज कोइराला एवं श्री नारायण कोइरालाकी ममतामयी माता **लक्ष्मी पद्मा कोइराला**को असामयिक निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

केदारनाथ अधिकारी
गोपाल प्रसाद कोइराला
दुलराज कोइराला
राजेन्द्र कायस्थ

वसन्तकेशव बाँस्तोला
शरणनाथ कोइराला
कालिचरण पराजुली
शंकर प्रसाद पराजुली (सानो)

पालन कोइराला
शंकर बाँस्तोला
केशवराज कोइराला
चन्द्रप्रसाद कोइराला
लाला गुरुङ

## हार्दिक समवेदना



जन्मः वि.स.:१९८६/०८/०५
स्वर्गारोहण वि.स.:२०७२/०८/०२

**स्व. लक्ष्मी पद्मा कोइराला**

हाम्रा आदरणीय दाजु, पोउवासंघका पूर्व महासचिव तथा वर्तमान कार्यसमितिका सदस्य श्री नारायण कोइरालाका साथै शुभचिन्तक जगन्नाथ, वसन्त र ध्रुव कोइरालाकी ममतामयी माता **लक्ष्मी पद्मा कोइराला**को असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं । उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

दिनेशचन्द्र बाँस्तोला
प्रोप्राइटर एवं
**दि मोर्डन अफसेट प्रेस परिवार**
पोखरा-९, बाँस्तोलाथर

# रोटरी क्लव पोखराद्वारा कम्वल वितरण

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।



रोटरी क्लव अफ पोखराले "जाड़ोमा न्यानो कपड़ा" कार्यक्रम अन्तर्गत तनहुँस्थित देवघाटमान रहेका करिब ३०० जना वृद्धवृद्धा, असहाय, भूकम्प पीडितलाई कम्वल वितरण गरेको छ। देवघाट स्थित गलेश्वर आश्रमका मुख्य अतिथि रोटरी डिष्ट्रिक्क ३२९२ का निर्बतमान डिष्ट्रिक्ट गभर्नर रवीन्द्र कुमार पियाको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो। कम्वल वितरण गर्दै कार्यक्रममा प्रमुख अतिथि पियाले रोटरी क्लव र रोटरियनहरु बिगत १ सय १० बर्षदेखि मानवताको सेवामा लागि रहेको र आउँदा दिनहरूमा पनि सक्रिय रूपमा स्वास्थ्य शिक्षा, पानी जस्तो आवश्यकीय योजनाहरूमा लाग्ने विश्वसा व्यक्त गरे। उनले देबघाट क्षेत्रमा रोटरीले "करूणालय"को नाममा बृद्धाआश्रम निर्माण गरी १० बर्ष देखि संचालन गरिरहेको समेत जानकारी दिए।

क्लवका अध्यक्ष ज्ञानेन्द्रप्रसाद सिग्देलले ६२ देखि १०४ बर्षका बृद्धहरूलाई कम्बल प्रदान गरी सेवा गर्न पाएकोमा र गलेश्वर आश्रमको अन्नभण्डारमा नि:शुल्क भोजन उपलब्ध गराउन ४५ हजार रुपैयाँ सहयोग गर्न पाएकोमा खुशि व्यक्त गरे। उनले चांडै पोखरामा पनि रोटरीले बृद्धाआश्रम निर्माण गर्ने र सहयोगलाई निरन्तरता दिने बताए। रोटरीले गलेश्वर आश्रमको अन्न क्षेत्रबाट संचालित अन्न भण्डारले दैनिक ७ सय जना बृद्धबृद्धाहरू लाई नि:शुल्क भोजन उपलब्ध गराऊदैं आएको छ।

कार्यक्रमको संचालक एवं क्लवका पूर्व अध्यक्ष किरणलाल श्रेष्ठले "जाड़ोमा न्यानो लुगा" कार्यक्रम अन्तर्गत नेपालमा यस बर्ष रोटरी क्लब पोखराले बृद्धबृद्धाहरूलाई १ हजार ५०० जोर कम्बल र १ हजार ५०० जोर स्कुल स्वीटर र १ हजार ५०० ज़ोर मोज़ा भूकम्प पीडित क्षेत्रका र ग़रीब असहाय बालबालिकालाई प्रदान गरीने लक्ष्य रहेको बताए। कार्यक्रमको संयोजन गणेशमान सिंह भण्डारीले गरेका थिए।

# पोयुसापका ७७औं श्रृङ्खला

गोल्डेन न्यूज संवाददाता
पोखरा १३ मंसिर ।

पोखरेली युवा साँस्कृतिक परिवारले प्रत्येक दुई दुई महिनामा आयोजना गर्दै आएको समता साङ्गीतिक कार्यक्रमको ७७औं शृङ्खला शनिबार पोखरामा सम्पन्न भयो। कार्यक्रमका विशिष्ट अतिथि ञ्याडम रिडर्स सोसाइटी अफ नेपालका सचिव रुपिन्द्र प्रभावी कटुले नेपाली सुगम संगीतको क्षेत्रमा स्वर सम्राट नारायण गोपालको योगदानको चर्चा गर्दै गीत संगीतमा साधनारत नवप्रतिभाका लागि यस्ता मञ्च आफैमा पुल भएको हुँदा निरन्तर लाग्न आग्रह गरे। स्वर सम्राट नारायण गोपालको स्मृति विशेष कार्यक्रममा गायक रामभक्त जोजिजू, नबराज बराल, इन्द्र राना प्रतीक, अंकित बास्कोटा, बाबुराम गिरी, काजीमान राई, उमा चौधरी, सुमी सुनार, समीर गैह्रे, हिरा गुरुङ, रामविलास राई, पार्वती सुनार, टेक बहादुर गुरुङ, सन्तोष पराजुली, कञ्चन राई, नमुना कार्की, श्रीधर कडेंल, सञ्जु लिम्बु, रुविन गुरुङ, कुशल पोखरेल, विक्की गुरुङ, सुनिल बराल, प्रमिला तामाङ, थमन गुरुङ, नमुना तिमिल्सिना, जीवन कार्की, निशेषराज पन्थी, रोशन नेपाली, सूर्य गुरुङ, समीक्षा राना लगायतका कलाकारहरुले आफ्नो गायकी प्रस्तुत गरेका थिए। सङ्गीत प्रशिक्षण केन्द्र विन्ध्यवासिनीको सभाकक्षमा सम्पन्न उक्त साङ्गीतिक कार्यक्रममा वाद्यवादनतर्फ हार्मोनियममा नवराज बराल, तवलामा सुनिल बराल, गितारमा विक्की गुरुङ र मादलमा काजीमान राईले गायकहरुलाई साथ दिएका थिए।

संगीत संयोजक श्रीमान थुलुङको सभापतित्वमा सम्पन्न कार्यक्रममा कलाकारहरुलाई सल्लाहकार नवराज बरालले स्वागत गीतले र सहसचिव सुरज उपाध्यायले शब्दद्वारा स्वागत गरेका थिए भने सचिव अर्जुन अधिकारीले कार्यक्रम सञ्चालन गरेका थिए।

## हार्दिक समवेदना



जन्म: वि.स.:१९८६/०८/०५

स्वर्गारोहण वि.स.:२०७२/०८/०२

**स्व. लक्ष्मी पद्मा कोइराला**

नेपाल महिला संघ पोखरा उपमहानगरपालिका वडा नं. ४ कार्यसमितिका सभापति जानकी कोइरालाकी जेठानी दिदी तथा कोषाध्यक्ष सीता कोइरालाकी ममतामयी सासुआमा र शुभचिन्तकहरु जगन्नाथल वसन्त, ध्रुव र नारायण कोइरालाकी ममतामयी आमा **लक्ष्मी पद्मा कोइराला**को असामयिक निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

निर्मला लामिछाने, सचिव
सरिता पराजुली, उपसभापति

**नेपाल महिला संघ पोखरा-४ कार्यसमिति परिवार**


**बैंक व्यालेन्स**

बैंक व्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस्।
सम्पर्क
९८२६१-०६६०२

**विदेश जानेहरूका लागि सुवर्ण अवसर**

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।

हाम्रा विशेषताहरू :- अन्तर्वार्ता घमाधम भइरहेको छ।

❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

**अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर**

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने।
६. Interview का लागि तयारी बनाउने।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलव्ध गराइने।

**आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.**
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर) ९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

**Study in Japan**
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoko | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
Free Processing for Master, Bachelor & +2 First Divison Students*
1. SLC मा उतिर्णले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com


## हार्दिक समवेदना



जन्म: वि.स.:१९८६/०८/०५

स्वर्गारोहण वि.स.:२०७२/०८/०२

**स्व. लक्ष्मी पद्मा कोइराला**

हाम्रा आदरणीय दाजु, पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य श्री नारायण कोइरालाकी ममतामयी माता **लक्ष्मी पद्मा कोइराला**को असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामनाका साथ **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं।

निरबहादुर थापा
संचालक एवं
**मेनस्ट्रिट क्याफे** तथा
**नेशनल फेशन पार्क परिवार**
वि.पि.चोक, चिप्लेढुङ्गा, पोखरा-४

## हार्दिक समवेदना



जन्म: वि.स.:१९८६/०८/०५ गते

स्वर्गारोहण: वि.स.:२०७२/०८/०२ गते

**स्व. लक्ष्मी पद्मा कोइराला**

लायन्स क्लव अफ पोखरा लेकसिटीका सदस्य एवं पोखरा उद्योग वाणिज्य संघका वर्तमान कार्यकारिणी सदस्य तथा पूर्व महासचिव, युवा व्यवसायी श्री नारायण कोइरालाकी ममतामयी आमा **लक्ष्मी पद्मा कोइराला**को असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध बनेका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

| | | | |
|---|---|---|---|
| ला. कृष्ण मोहन श्रेष्ठ | ला. देवीराज गुरुङ | ला. ओम प्रकाश गुरुङ | ला. महेशकुमार पालिखे |
| ला. रमेश कर्माचार्य | ला. रुद्र मल्ल | ला. मदन केसी | ला. नारायण उदास |
| ला. दीपक श्रेष्ठ | ला. विमल विजुक्छे | ला. आनन्द बतास | ला. कैलाश पालिखे |
| ला. राजेन्द्र बाटाजू | ला. शिवकुमार श्रेष्ठ | ला. नारायण शर्मा | ला. जगदिश गौतम |
| ला. शिव द्वा | ला. भरतकुमार कर्माचार्य | ला. वैकुण्ठ रञ्जित | ला. विश्वमोहन अधिकारी |
| ला. हरिषचन्द्र रञ्जित | ला. दशरथमान बुद्धाचार्य | ला. विन्दुकुमार थापा | ला. लक्ष्मण श्रेष्ठ |
| ला. भीम थापा | ला. हरिश गुरुङ | ला. सत्यनारायण मण्डल | ला. काशी काफ्ले |
| ला. डा. नारायण गौतम | ला. हेम गुरुङ | ला. मिनराज काफ्ले | ला. प्रकाश देव पालिखे |
| ला. तीर्थबहादुर बस्नेत | ला. ईच्छामान बुद्धाचार्य | ला. सूर्यबहादुर थापा | ला. खेमबहादुर गुरुङ |
| ला. टेकमान प्रधानाङ्ग | ला. नरेशमान द्वा | ला. सूर्य श्रेष्ठ | ला. प्रकाश शेरचन |
| ला. टोपबहादुर थापा | | | ला. दिनेशकुमार श्रेष्ठ |
| ला. उत्तममान बुद्धाचार्य | | | ला. शोभितमान बुद्धाचार्य |
| | | | ला. राजेन्द्रमान बुद्धाचार्य |

लायन देव क्षेत्री (अध्यक्ष) एवं

**एवं लायन्स क्लव अफ पोखरा लेकसिटी परिवार**

## हार्दिक समवेदना



जन्म: वि.स.:१९८६/०८/०५

स्वर्गारोहण वि.स.:२०७२/०८/०२

**स्व. लक्ष्मी पद्मा कोइराला**

पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य एवं पूर्व महासचिव श्री नारायण कोइराला, साधारण सदस्य श्री वसन्तप्रसाद कोइराला, शुभचिन्तक श्री जगन्नाथ कोइराला र श्री ध्रुवराज कोइरालाकी ममतामयी माता **लक्ष्मी पद्मा कोइराला**को असामयिक निधन भएकोमा हामी अत्यन्तै मर्माहत एवं स्तव्ध भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं।

विन्दुकुमार थापा
अध्यक्ष एवं
**पोखरा उद्योग वाणिज्य संघ परिवार**
पोखरा-४, गैह्रापाटन

# विदेशी चरालाई फेवातालमा स्वागत

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ मंसिर ।**

हिमाली क्षेत्रमा चिसो बढेसँगै जाडो छल्न मानिसमात्र हैन चराहरुसमेत बेसी झर्ने गर्छन् । हिमाली क्षेत्र र विदेशी चराहरुलाई स्वागत गर्न फेवातालमा शनिबार एक कार्यक्रम को आयोजना गरिएको छ । अघिल्ला वर्षहरुमा काठमाडौ र चितवनमा यस्तो कार्यक्रम गरिएकोमा यो पालि पोखरामा गरिएको हो । बर्ड कन्जरभेसन नेपाल र पोखरा बर्ड सोसाइटी नेपालको आयोजनमा भएको कार्यक्रममा चराका जानकार, जिज्ञासु एवं नेपाली र विदेशीको सहभागिता थियो । नेपाल चराहरुका लागि बस्न उपयुक्त बासस्थान भएकाले संरक्षणमा लाग्नुपर्ने बर्ड कन्जरभेसन नेपालका महासचिव राजेन्द्र गुरुङले बताए । 'चराहरुको बसोबासका लागि नेपालमा उपयुक्त वातावरण छ । विश्वमा भएका चरामध्ये १० प्रतिशत चराहरु नेपालमा पाइन्छ' गुरुङले भने 'नेपालमा पर्यटन विकासका लागि चराहरु पनि माध्यम बन्न सक्छन् ।' पोखरामा जाडो छल्नका लागि हिमाली भेग, तिब्बत, मंगोलिया, साइबेरिया लगायत ठाउँबाट चराहरु आउने गरेको पोखरा बर्ड सोटाइटी नेपालका संस्थापक मनशान्त घिमिरेले जानकारी दिए । उनले पोखरको फेवाताल, बेगनास ताल, रुपाताल, मैदी, सेती नदी लगायका ताल, नदी, सिमसार क्षेत्रमा चराहरु आउने गरेका बताए । 'पोखरा आसपासको क्षेत्र चराहरुका लागि ट्रान्जिट प्वाइन्ट हो' घिमिरेले भने, 'पोखरामा जाडोमा चिसो ठाउँका र गर्मीमा तराई क्षेत्रबाट आउने गर्दछन् ।' पोखरामा मंसिरदेखि जाडो छल्न आएका चराहरु फागुनसम्म बस्ने गर्दछन् । हाल पोखरामा ४० प्रजातिका चरा जाडो छल्न आइसकेको घिमिरेले जानकारी दिए । शनिबार गरिएको गणनामा ६४ प्रजातिका चरा फेवातालमा भेटिएका छन् । चराहरुको बसाइ लम्ब्याउन उपयुक्त वातावरण बनाउनुपर्ने उनको सुझाव छ । उनले भावी पिँढीलाई चराहरु बचाइराख्न आवश्यक शिक्षा एवं सचेतना दिनु पर्ने उल्लेख गरे । घिमिरेले अहिले पोखरामा जाडो छल्न खेवा चखेवी, हरियो टाउके हाँस, सिन्दुरे हाँस, बादुन हाँस, लोभीपापी गरुड, बालो गरुड, फुस्से बकुल्ला, सानो जलेवा, जलेवा, इन्डियन स्पोर्ट बोल्ड, सोड नयन हाँस, साही बाज, अमुर बाज लगायत चरा आएको जनाए । त्यस्तै, इन्डियन स्पोर्ट बोल्ड पोखरामा २ वर्ष पछि र सोड नयन हाँस ७ वर्ष पछि फेवा क्षेत्रमा आएको उनले बताए । यस्तै, गर्मी सिजनमा साइबेरियाबाट हरि हाँसलगायतका चराहरु फेवा क्षेत्रमा बच्चा कोरल्न आउने गरेका छन् । स्थानीय गुरु बरालले फेवातालमा चराहरु प्रत्येक वर्ष आउने गरे पनि संरक्षणको अभियान चलाउन नसक्दा लोप हुने सम्भावना भएको बताएका छन् । उनले फेवातालमा चरा मार्न बन्दुक नै बोकेर आउने गरेको बताउँदै संरक्षण समिति र स्थानीय निकायले चासो दिनु पर्ने उल्लेख गरे ।

# अनेरास्ववियुको हाजिरीजवाफ

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ मंसिर ।**

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन निर्वाचन क्षेत्र नं.३ कास्कीको आयोजनामा जनप्रिय उच्च मावि सिमलचौरको सभाहलमा माविस्तरीय हाजिरी जवाफ प्रतियोगिता सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन गर्दै नेकपा एमालेका केन्द्रीय सदस्य, संसद विकास समितिका सभापति एवं केन्द्रीय विद्यार्थी इन्चार्ज रविन्द्र अधिकारीले प्राविधिक शिक्षालाई जोड दिंदै युवा शक्ति मिलेर देश विकासमा लाग्नुपर्ने बताए । क्षेत्रीय कमिटीका अध्यक्ष रोशन भट्टराईको अध्यक्षतामा सम्पन्न प्रतियोगितामा डाइनामिक एकेडेमी प्रथम, सरस्वती टिका उच्च मावि द्वितीय र जनप्रिय उच्च माविले तृतीय स्थान प्राप्त गर्न सफल भएका थिए । उक्त अवसरमा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयलाई प्रमुख अतिथि अधिकारीले पुरस्कार वितरण गरेका थिए । कार्यक्रममा नेकपा एमाले क्षेत्रीय कमिटीका अध्यक्ष धन बहादुर नेपाली, अनेरास्ववियू केन्द्रीय सदस्य हरिबोल गौतम, अनेरास्ववियू राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य अनिल प्रसाद आचार्य, अनेरास्ववियू भुगोल कमिटीका अध्यक्ष शेखर गौतम लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रमको संचालन महेन्द्र पौडेलले गरेका थिए ।

# पोखराको बन्द शान्तिपूर्ण, केही कार्यकर्ता पक्राउ

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ मंसिर ।**

भारतीय नाकाबन्दीले नेपाली जनजीवनमा गम्भीर असर पार्दा समेत सरकारले आवस्यक पहल र यो मुद्धालाई अन्तर्राष्ट्रिय करण नगरेको आरोप लगाउदै नेपाल बन्दको आयोजना गरेको नेकपा माओवादीका चन्दका जिल्ला सेक्रेटरी सहित २३ नेता कार्यकर्ता लाई कास्की प्रहरीले नगरका बिभिन्न स्थानबाट गिरफ्तार गरेको छ । जनजीवन प्रभावित भएपनि पोखराको बन्द भने शान्तिपूर्ण रह्यो । उद्योग कलकारखाना र शैक्षिक संस्था ठप्प रहे । साँझ पाँच बजेपछि बन्द सकिएपछि अहिले जनजिवन विस्तारै सामान्य बन्दै गएको थियो । नेत्रविक्रम चन्द विप्लप नेतृत्वको पार्टी नेकपा माओबादीले आईतबार नेपाल बन्दको आयोजना गरेकोले बन्द गराउदै हिंडेका बन्द कर्तालाई प्रहरीले विहानै पोखरा र लेखनाथ नगरपालिकाका विभिन्न स्थानबाट पक्राउ गरेको कास्कीका प्रहरी प्रमुख एसपी हरि बहादुर पालले बताए । जिल्ला सेक्रेटरी पूर्णजित पुन सहितका नेता तथा कार्यकर्ताहरुलाई पोखराको पृथ्वीचोक, मेहन्द्रपुल र लेखनाथका विभिन्न स्थानबाट पक्राउ गरीएको एसपी पालले बताएका छन । पोखराका मुख्य चोकहरुमा प्रहरी तैनाथ गरीको छ भने सडकहरु विहानै देखि सुनसान भएको छ । भारतले नेपालमाथि लगाएको नाकाबन्दीले नेपालमा देखिएको मानवीय संकट समाधानका लागि आबश्यक पहल नभएको भन्दै नेकपा माओबादीले नेपाल बन्दको आह्वान गरेको थियो । यसैबीच नेपाली जनता अप्ठ्यारोमा परेका बेला सरकारले ठोस पहल गर्न नसकेको भन्दै माओबादीले बन्दको आयोजना गरेको नेकपा माओबादीको केन्द्रीय सदस्य साबित्रा दुरा (आस्था)ले बताउकी छन् ।

आइतबार सुनौलो एफएमसंग कुरा गर्दै दुराले देश बचाउन र भारत बिरुद्ध एकजुट भएर सडकमा आउन सबे नेपालीलाई आग्रह गरेकी छन । माओबादीले निरन्तर माथिल्लो कर्णाली, विद्युत ब्यापार सम्झौता, बिप्पा, नेपालको एयरपोर्टमा भारतिय एयरमार्सल राख्ने प्रस्ताव, लिपुलेक जस्ता राष्ट्रघाती कदमको बिरुद्धमा आवाज उठादै आएको र अहिले आएर सबै जनतामा भारतको नियत र माओबादीको बिरोधको औपचारीक पुष्टि हुनुले अब राष्ट्रिय स्वाधिनताको लडाइमा जनताको साथ हुने उनको भनाइ थियो ।

यसैबीच भारतीय नाकाबन्दी विरुद्ध मौलिक बन्दको संज्ञा दिँदै आइतबार नेपाल बन्दको आयोजना गरेका नेकपा माओवादी विप्लव पक्षका कार्यकर्ताले मलेखु-धादिङ बेंसी कालु पाण्डे सडकखण्डको नलाङमा ट्रकमा आगजनी छन् । आइतबार बिहान ७ बजे चितवनबाट इँटा बोकेर धादिङबेंसी आउँदै गरेको ना४ख ७१३० नम्बरको ट्रकलाई नलाङ-६,कालीदहस्थित सिक्रखोलामा आगजनी गरेका हुन् । घटनास्थलदेखि सदरमुकामको ७ किलोमिटर टाढा छ । जंगलबीच रहेको सडक र डम्म हुस्सु लागेको फाइदा उठाउँदै बन्दकर्ताले ट्रकममा आगजनी गरेका हुन् । 'गाडी रोकेर म सहित सहचालक भाईलाई ओह्रालेर अन्दाजी ४० वर्ष उमेरका ३ जनाको समूहले आगजनी गरे,' सहचालक भुवन प्रजा सहित प्रहरी सम्पर्कमा आएका चितवन चिप्ले-२ का ट्रक चालक कमलप्रसाद बर्तौलाले भने ।

आगजनी गर्नेहरुको खोजबिन भइरहेको घटनास्थल पुगेका प्रहरी नायव उपरीक्षक सविन प्रधानले बताए । घटनाबारे सूचना आउन साथ प्रधान घटनास्थल पुगेका थिए । नीलकण्ठ नगरपालिकाको दमकलले आगो निभाएको थियो । दमकल चालक र तालिम प्राप्त दक्ष अग्नीनियन्त्रक नभएकै कारण आगो लागेको ट्रकमा पानीको फोहरा दिन केही समय लागेको थियो ।

# खुकुरी हान्ने पक्राउ

**पोखरा १३ मंसिर ।(गोल्डेन)**

पोखराको अमरसिंहचोकमा दिउसै एक जनामाथि खुकुरी प्रहार गरेर फरार तीन जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ । पोखरा उपमहानगरपालिका १० अमरसिंह चोक घर भई हाल पोखरा १८ छिनेडांडा बस्ने तुलविर वि.क (सुरज) लाई खुकुरी प्रहार गरी फरार तीन जनालाई नियन्त्रणमा लिईएको कास्की प्रहरीले जनाएको छ । पक्राउ पर्नेमा लेखनाथ १ का ३६ बर्षिय कुमार सुनार, बर्ष २६ का सुरज सुनार र ३५ बर्षीय उत्तम मगर रहेका छन् । शनिवार दिउसो अंमरसिहचोक स्थित स्वेच्छा खाजा घरमा खाजा खाई रहेको अवस्थामा लेखनाथ नगरपालिकाको पटनेरीमा आफुहरुलाई नसोधी जग्गा प्लटिङ गरेको, पल्टिङ गर्दा डिपिसीको काम नदिएको, काम नदिए वापत माग गरेको रकम नदिएको भन्दै उनिहरुले विक माथि एक्कासी खुकुरी प्रहार गरेका थिए । खुकुरी प्रहार गरी फरार भएका उनिहरुलाई जिल्ला प्रहरी कार्यालय कास्की, वडा प्रहरी कार्यालय रामबजार र प्रहरी चौकी शिसुवाबाट खटिईएको प्रहरी टोलीले शनिवारनै पक्राउ गरेको हो । उनीहरुबिरुद्ध कास्की जिल्ला अदालतबाट ज्यान मार्ने उद्योग मुद्दमा म्याद थप गरी अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

# गोरखाको....

*निकाय, सहयोगी संस्था र नेपाल सरकारका सम्वन्धित निकायहरू मार्फत् संकलन गर्नेछौं ।*

*गोष्ठीका सहभागीहरुले जतिसक्दो छिटो पुन:निर्माणको काम थाल्नुपर्ने बताए । नेकपा क्रान्तिकारी माओबादीका जिल्ला ईञ्चार्ज परशुराम रम्तेलले ६ महिनाभित्रै काम सक्ने गरी पुन:निर्माणको थालनी हुनुपर्ने उल्लेख गरे । सबै गैससहरुले पनि ठोस योजना बनाएर प्राथमिकताका आधारमा काम गर्नुपर्थ्यो, उनी भन्छन्-तर सबै आ-आफ्नै ढंगबाट चले पीडितले पाउनुपर्ने राहत पाएनन्, आगामी दिनमा जिल्लाको योजना अनुसार काम गर्नुपर्छ । नेपाल पत्रकार महासंघ गोरखाका अध्यक्ष भीमलाल श्रेष्ठले पनि जिल्लामा भित्रिएको सबै रकमको लेखाजोखा हुनुपर्ने बताए । रकम भित्रिनु मात्रै ठूलो कुरा होईन, श्रेष्ठ भन्छन्-'त्यो रकम कहाँ खर्च भयो र कसरी भयो सबैलाई जानकारी दिनु जरुरी छ, पारदर्शितातर्फ जोड दिनुपर्छ ।' गत बैशाख १२ को महाविनाशकारी गोरखा भूकम्पको सात महिना वितेको छ । तर भूकम्प पीडित गोरखालीहरुले अझैसम्म पनि राहतको महशुस गर्न सकेका छैनन् । सात महिनासम्म पीडितहरुलाई अस्थायी टहरामा सार्ने र त्रिपाल बाँड्ने काम बाहेक केही भएन । केन्द्रतहमा पुन: निर्माण प्राधिकरण गठन हुन नसकेका कारण पीडितले राहत पाउनेमा अझै ढुक्क हुन सक्ने स्थिति देखिएको छैन । उनीहरुले सरकारले दिने भनिएको २ लाख रुपैयाँ पाउने सम्भावना झनै तुहिदै गएको छ । पहिलो चरणमा जस्तापाता खरिदका लागि दिईएको १५ हजार रुपैयाँ बाहेक उनीहरुको हातमा सरकारले केही थमाउन सकेन । दातृ निकायहरुले यो अवधिमा साढे २ अर्व भन्दा बढी जिल्लामा भित्र्याए । जिल्लामा जति रकम भित्रियो, त्यसको देखिने गरि परिणाम भने नआएको सरोकारवालाहरुको गुनासो छ । गोरखाका स्थानीय विकास अधिकारी प्रेमराज गिरीले अबदेखि अस्थायी प्रकृतिका टहरा निर्माणमा कसैले पनि स्वीकृति नपाउने बताएका छन् । गोरखालीले भूकम्पको पीडाबाट सात महिना गुजारीसकेका भन्दै उनले अब स्थायी संरचनामा जोडिन सबैसँग आग्रह समेत गरे ।*

# ल्होसारको अवसरमा सांस्कृतिक कार्यक्रम

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ मंसिर ।**

बैदाम तामाङ्ग समाजले २८५२ औं सोनाम ल्होछारको अवसरमा 'तेश्रो ल्होछार म्युजिकल फेष्टिवल तथा विविध सांस्कृतिक कार्यक्रम' आयोजना गर्ने भएको छ । समाजका अध्यक्ष ज्याक तामाङ्गको अध्यक्षतामा शनिबार पोखरामा बसेको बैठकले यस्तो निर्णय गरेको हो । आगामी माघ १६ गते पोखरा सभागृहमा हुनेछ । आफ्नों संस्कृतिनै मौलिक पहिचान भएको र यहि मौलिकताको संरक्षण गर्नको निम्ति सक्षम र नेतृत्वदायी युवा पुस्ताको खाँचो रहेको भन्दै यसपटक उक्त कार्यक्रम गर्न लागिएको समाजले जनाएको छ ।

कार्यक्रममा चर्चित कलाकारहरु चन्द्रकुमार दोङ र ईन्दिरा जोशीको प्रस्तुती रहने छ । सोही दिन मिस तामाङ्ग पोखराको फाइनल राउण्ड पनि सञ्चालन हुने छ । मिस तामाङ्ग पोखराका लागि फारम वितरण कार्य भइरहेको र सहभागिहरुलाई पुषको पहिलो सातादेखिनै तालिम प्रदान गरिने बताइएको छ । 'तामाङ्ग, दिदी बहिनी र चेलीबेटीको व्यक्तित्व विकास, ज्ञान, बौद्धिक वृद्धि र नेतृत्व शक्तिलाई बलियो बनाई सक्षम तामाङ्ग समाज बनाउने उद्देश्यले मिस तामाङ्ग पनि आयोजना गर्न लागिएको हो' अध्यक्ष तामाङ्गले भने । कार्यक्रममा डिआइडी फष्ट रनर अप निर्माल तामाङ्गको पनि सहभागिता रहने छ । कार्यक्रमबाट संकलित रकम लेकसाइडमा निर्माणाधिन तामाङ्ग शान्ति गुम्बामा खर्च गरिने समाजले जनाएको छ ।

# एड्स दिवसमा विविध कार्यक्रम

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा १३ मंसिर ।**

दिगो विकास लक्ष्यको प्राप्तिको लागि एड्स महामारी अन्त्य भन्ने मूल नाराका साथ विश्व एड्स दिवसको अवसरमा मङ्गलबार पोखरामा विविध कार्यक्रम आयोजना गरिने भएको छ। वाई क्याप नेपालले जिल्ला जनस्वास्थ्य कार्यालय कास्की र पश्चिम क्षेत्रीय एचआईभी एड्स संजालको सहकार्यमा विविध कार्यक्रम आयोजना गर्न लागेको हो। पोखरामा वाई क्याप नेपालले पोखरामा आइतबार पत्रकार सम्मेलन गरी कार्यक्रमहरु सार्वजनीक गरेको छ। जसमा ऱ्याली, हस्ताक्षर संकलन, मैनवत्ति प्रज्वलन, अन्तर कलेज बक्तृत्वकला प्रतियोगिता, अभिमुखिकरण लगायतका कार्यक्रम गरी वाई क्याप नेपालका फोकल प्वाईन्ट मनिष गुरुङले जानकारी दिए। पोखराको मानव अधिकारचोकबाट शुरुहुने ऱ्याली, नयाँबजार, पृथ्वीचोक हुदै सभागृहमा पुगेर कोण सभामा परिणत हुने छ। एचआईभीको क्षेत्रमा कामगर्दै आएका संघ/संस्थाले कार्यक्रमको व्यवस्थापन गर्ने छन्। सन् १९९८ देखि हरेक वर्ष डिसेम्बर १ तारिखका दिन विश्व एड्स दिवस मनाउन थालिएको हो। जिल्ला जनस्वास्थ्य कार्यालय कास्कीका जनस्वास्थ्य अधिकृत बोधराज सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन कम्युनिटी सपोर्ट ग्रुपका कार्यकारी निर्देशक दिलिप गुरुङले गरेका थिए।

एचआईभी र एड्स सम्वन्धी प्रभावकारी रोकथाम, हेरचाह, सहयोग तथा उपचार सेवाको लागि विश्वव्यापी ध्यानाकर्षणगर्दै जनचेतना जगाउनु विश्व एड्स दिवसको मुख्य उद्देश्य हो।

# पोखरा...

*उनले युवाहरु यसरी नै एकताबद्ध भएर सामाजिक कार्यमा सक्रिय रहन आग्रह पनि गरे ।*

*विशेष अतिथि नेपाल जेसीजका पूर्व अध्यक्ष सिनेटर राजु केसीले पोखरा जेसीज मुलुककै उत्कृष्ट शाखा रहेको भन्दै चार दशकदेखिको आफ्नो शाखलाई कायम राख्न सदस्यहरु क्रियाशील रहनुपर्नेमा जोड दिए । सकारात्मक सोचका साथ सामाजिक कार्यमा लागिरहनुपर्ने उनको सुझाव छ । मुलुकमा शासन परिवर्तन भएपनि आर्थिक अवस्थामा रुपान्तरण हुन नसकेकोमा उनको चिन्ता थियो । पोखरेली युवा सांस्कृतिक परिवारका अध्यक्ष सुरेश रानाभाट, ऱ्याण्डम रिडर्स सोसाईटी अफ नेपालका अध्यक्ष उपेन्द्र पौडेल लगायतले युवाहरुको एकताले समाज विकासमा योगदान पुग्ने भएकाले यसरी नै अघि बढ्न सुझाव दिए । पोखरा जेसी वर्ष २०१५ का अध्यक्ष छवि सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा कार्यकारिणी उपाध्यक्ष किरण केसीले स्वागत गरेका थिए भने कार्यक्रमको सञ्चालन महासचिव शालिकराम गिरी र सचिव धनबहादुर शाही (सन्तोष) ले गरेका थिए । साधारणसभाको बन्दसत्रमा कार्यकारिणी उपाध्यक्ष किरण केसी, उपाध्यक्षहरु शिवराज घिमिरे (व्यवसायिक तर्फ), दुर्योधन खड्का ( अन्तर्राष्ट्रियतर्फ), नवीन थापा (व्यक्तिगततर्फ), सुवास सुवेदी ( सामाजिक विकास क्षेत्रतर्फ), महासचिव शालिकराम गिरी, कोषाध्यक्ष अमृत बास्तोलाले आ-आफ्ना प्रतिवेदन प्रस्तुत गरेका थिए । पोखरा जेसीजले शनिबार नै पुर्व अध्यक्षहरुसँग अर्न्तक्रिया, समृद्धिका लागि युवा एकता शीर्षकमा सदस्यहरुबीच प्रवचन माला कार्यक्रम, कास्की जिल्लामा एसएलसीमा उत्कृष्ट अंक ल्याउने चार विद्यार्थी, उच्च मावि तहमा व्यवस्थापन संकायमा उच्चतम् अंक हासिल गर्ने एक विद्यार्थीलाई पुरस्कृत गर्नुका साथै पोखरा जेसीजका विभिन्न विधामा उत्कृष्ट हुने सदस्यहरुलाई अवार्ड, मायाको चिनो सहित पुरस्कृत गरिएको थियो ।*


















सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा